# गजल चालिसा

(गजल-संग्रह)




मनबहादुर खत्री "मनु"

किरण पुस्तकालय प्रकाशनमालाको अठारौं पुष्प

# गजल चालिसा

## (गजलसंग्रह-२०७७)

मनबहादुर खत्री 'मनु'

प्रकाशक

किरण पुस्तकालय

तम्घास, गुल्मी

| | | |
|---|---|---|
| कृति | : | **गजल चालिसा** |
| विधा | : | साहित्य (गजल-संग्रह) |
| कृतिकार | : | मनबहादुर खत्री 'मनु' |
| सम्पर्क | : | ९८४७१८४६१० |
| प्रकाशक | : | किरण पुस्तकालय, तम्घास, गुल्मी |
| सम्पर्क | : | ०७९-५२०२८७ |
| इ-मेल | : | hamropurushartha@gmail.com |
| वेबसाइट | : | www.kiranpustakalaya.com |
| संस्करण | : | प्रथम, २०७७ |
| ©सर्वाधिकार | : | प्रकाशकमा |
| ISBN | : | 978-9937-0-7607-4 |
| प्रकाशित प्रति | : | १००० |
| मूल्य | : | रु. १००/- |
| साजसज्जा | : | ईश्वर वि.क. |
| मुद्रक | : | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी<br>०७९-५२०४५० (spgulmi33@gmail.com) |

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण,<br>योगकुमार,<br>लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |

# समर्पण

## स्व. हजुरबुबा अमरबहादुर पौड्याल
## र
## स्व. हजुरआमा लालकुमारी खत्रीप्रति

# प्रकाशकीय

किरण पुस्तकालय, गुल्मीले विभिन्न वर्षमा विविध विषयका पुस्तकहरू प्रकाशित गर्दै आएको हाम्रा पाठकहरूलाई जानकारी छँदैछ । विगतमा पुस्तकालयले गुल्मी जिल्लाको इतिहास, भाषा, संस्कृति, धार्मिक महत्त्वका प्राचीन स्मारकहरूका साथै संस्कृत र नेपाली भाषामा संरचित खण्डकाव्यहरू, कवितासंग्रह, निबन्धसङ्ग्रह, प्रबन्धसंग्रह, लेखसङ्ग्रहरू प्रकाशित गर्दै आइरहेको छ । सकेसम्म पुस्तकालयले शोधमूलक कृतिहरूको प्रकाशनमा जोड दिंदै आइरहेको छ । सन्त शशिधरको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, रुरुक्षेत्र, गुल्मीको ऐतिहासिक झलक, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम जस्ता कृतिहरू धेरै ठूलो सोधखोजबाट तयार गरिएका अनुसन्धानात्मक पुस्तकहरू हुन् । ती कृतिहरू दुर्लभ भइसकेका हुनाले नयाँ संस्करणहरू निकाल्नुपर्ने आवश्यकता बोध भइसकेको छ ।

नेपाली भाषा र साहित्यको संरक्षण र संवर्धनमा यथासम्भव सहयोग पुर्‍याउने पनि पुस्तकालयका विभिन्न उद्देश्यहरूमध्ये एक उद्देश्य रहेको छ । त्यसैअनुसार पुस्तकालयले ४७ वर्षदेखि 'हाम्रो पुरुषार्थ' नामक राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन र विविध विषयका

साहित्यिक कृतिहरूको मुद्रण कार्यमा ध्यान दिंदै आइरहेको छ । यस वर्ष पुस्तकालयले साहित्यका विविध विधामध्येको काव्य विधालाई नै प्रकाशनका लागि छनोट गरेको छ । काव्यविधाअन्तर्गत पनि अहिलेसम्म प्रकाशनमा नल्याएको गजललाई प्राथमिकता दिने पुस्तकालयको निर्णयअनुसार 'गजल चालिसा'लाई स्थान दिइएको छ ।

नेपालमा नेपाली भाषामा कृति प्रकाशन गराउने पहिलो श्रेय युवक कवि मोतीराम भट्टलाई जान्छ । मोतीराम भट्टले थालनी गरेको पुस्तक तथा पत्रिका प्रकाशनको क्रमलाई देशको एउटा कुनाबाट किरण पुस्तकालयले निरन्तरता दिन खोजिरहेको छ । २०७७ साल भाद्र ३ गते युवक कवि मोतीराम भट्टको १५५ औं जन्मजयन्तीको अवसर पारेर नेपाली भाषामा पहिलो पटक गजल लेख्ने गजलकार मोतीराम भट्टप्रति श्रद्धासुमन अर्पण गर्ने गरी गुल्मीका नवोदित युवा गजलकार श्री मनबहादुर खत्री 'मनु'को गजल चालिसालाई हामीले किरण पुस्तकालय प्रकाशनमालाको अठारौं पुष्पको रूपमा उन्न खोजेका छौं ।

गजलकार मनबहादुर खत्री 'मनु'को गजल चालिसामा चालीसवटै गजल रहेका छन् । त्यसैले नाम पनि गजल चालिसा रहेको छ । अध्यापन/प्राध्यापनको क्षेत्रमा कार्यरत 'मनु'मा भविष्यमा प्रख्यात साहित्यकार बन्न सक्ने गुण र उत्साह दुबै रहेको हामीले देखेका छौं । उहाँको विशेष रुचि साहित्य र सङ्गीतको क्षेत्रमा देखिन्छ । उहाँ गीतकार, गायक, गजलकार र कविको रूपमा परिचित भइसक्नुभएको छ । गुल्मीको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानसँग उहाँको आबद्धताले यस कुराको पुष्टि गर्दछ । आफ्नो पहिलो कृति 'गजल चालिसा'लाई सर्वाधिकारसहित किरण पुस्तकालयलाई प्रकाशनको जिम्मेदारी दिनुभएकोमा उहाँप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

गजलकारको यो पहिलो कृति भएको हुनाले यसमा अपेक्षित निखार आउन बाँकी रहेको देखिन सक्छ । स्रष्टामा निखार र परिष्कार आउन पनि समय लाग्छ । शुरूका सिर्जनामा जे-जस्तो भाव र विचार आएको छ, त्यसले भविष्यको परिपक्व स्रष्टाको सङ्केत गरेको छ । अङ्ग्रेजीमा एम्.एड्. गरेर नेपालीमा गजल लेख्ने 'मनु'भित्र मनुकै दृष्टिको सिर्जनशीलताको गुण रहेको छ । प्रेम त गजलको मुख्य विषयवस्तु हो नै । आफ्नो गाउँठाउँको सामाजिक र प्राकृतिक तथा समसामयिक विषयवस्तु अनि घटना-परिघटनालाई गजलको मुख्य विषयवस्तु बनाएर प्रस्तुत गर्न सक्ने कला र सीप मनुमा स्पष्टतः प्रस्फुटित भएको छ ।

काइदाको अतीत, सिम्सिम् पानी जस्ता गजलमा गाउँठाउँको चित्र स्पष्ट देख्न सकिन्छ भने मैनडाँडाको पिपल, स्वर्गकी परी, तिमीसँगको पल आदि गजलमा प्रकृतिप्रेम पाइन्छ । राहत, कोरोना, जिन्दगी प्यारो छ, विदेश पर्से म, ठूला आत्मा मार्छन् यहाँ, मोबाइल फोन आदि गजलहरूमा समसामयिक विषयवस्तुहरूको प्रस्तुति छ । आगो, सहज हुँदैन, कसरी बिर्सनु ? सपना, धने आदि गजलहरू समसामयिक घटना-परिघटनामा आधारित छन् । अन्य गजलहरूमा प्रेमभावको प्रधानता छ ।

वर्तमान समयमा संसार कोभिड-१९ भनिने विश्वव्यापी संक्रामक महारोगबाट ग्रसित र त्रसित छ । जसलाई 'कोरोना' भनेर संक्षेपमा चिन्ने गरिएको छ । कोरोना भाइरसको संक्रमणबाट सिङ्गो संसार संक्रमित भएको छ । करोडौं मान्छेमा यसको आतङ्क फैलिएको छ । लाखौं मान्छे यसको संक्रमणका शिकार भएका छन् । विश्वका सबैजसो देश यसबाट प्रभावित र भयभीत भएका छन् । नेपाल पनि कोरोनाको संक्रमणमा परेको छ । कोरोनाको कारणले राष्ट्रका विविध

गतिविधिहरू बन्दाबन्दीको अवस्थामा रहेका छन् । यसबाट गजलकार चिन्तित भएको अभिव्यक्ति यत्रतत्र प्रकट भएको पाइन्छ :

**डामाडोल पार्‍यो, गरेर हान्ति, कोरोना भाइरसले**
**खोसेर लग्यो, विश्वको कान्ति, कोरोना भाइरसले**

**बनाउने लक्ष्य, समृद्ध नेपाल समृद्ध नेपाली**
**एकाएक डुब्यो, आर्थिक क्रान्ति, कोरोना भाइरसले**

यसरी देशको चिन्ता गर्ने गजलकारलाई नेपाली भाषा र साहित्यलाई समृद्ध बनाउने प्रेरणा सदैव प्राप्त भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

भाद्र ३, २०७७
१५५ औं मोतीजयन्ती

**शशि पन्थी**
किरण पुस्तकालय
तम्घास, गुल्मी

# शुभेच्छाका शब्दहरू

नेपाली भाषामा गजलरचनाको प्रारम्भ शृङ्गारधाराको उत्कर्षसँगै भएको थियो । अरबी-फारसी स्रोतबाट आएको गजलको मौलिक भाव प्रणयभाव नै थियो । अहिले नेपाली गजलको पुनर्जागरण भइरहेछ । अहिलेका गजलमा प्रणयभावका साथै व्यङ्ग्य, विद्रोह, देशप्रेम, मानवता, स्वतन्त्रता र समानताका भावहरू पनि मुखरित हुन थालेका छन् ।

प्रस्तुत 'गजल चालिसा'का सबै गजलहरू मैले पढें । गजलहरू संक्षिप्त छन्, सरल छन् । गजलले 'सत्य' अँगालेका छन्, शिवको पथ पछ्याएका छन् र सर्वाङ्ग सुन्दर छन् । गजलकार मनबहादुर खत्री 'मनु'को यस गजल-संग्रहका लागि म उनलाई हृदयतः प्रशंसा गर्छु । गजलहरू सरल, सम्प्रेष्य र मनमुग्धकारी छन् । यी गजलहरूमा अभिव्यक्तिको चमत्कारभन्दा अनुभूतिको तीव्रता र भावहरूको उदात्तता देखिन्छ । गजलकारमा गीत-संगीतप्रति तीव्र आकर्षण भएकाले यी गजलहरू सुमधुर छन् । यी गजलहरू प्रायः लोकलयमा बुनिएका छन् । त्यसैले प्रिय लाग्छन् र गेय पनि छन् ।

गजलकार 'मनु'मा प्रतिभा र व्युत्पत्ति दुबै छन् । उनीसँग अभ्यास गर्ने उत्साह छ, जाँगर छ, त्यसैले उनको साहित्यिक भविष्य उज्ज्वल छ ।

प्रस्तुत चालीसवटा गजलहरूको संग्रह ज्यादै सूक्ष्म छ, त्यही सूक्ष्मताभित्र सौन्दर्य छ, माधुर्य छ, आनन्द छ । गजल त्यसै पनि रसमय, संगीतमय र लयमय हुन्छ । थोरैमा धेरै आनन्द दिन्छ गजलले । मनुका गजलहरूमा प्रणयभाव पनि छ । देशभक्तिको भाव पनि छ । गजलमा व्यङ्ग्यचेत देखिन्छ जसमा हल्का मजाकमै तीव्र प्रहार गरेको बुझिन्छ । म प्रतिभाशाली मनुको साहित्यसृजनाको जाँगर बढिरहोस्, अब आउने समयमा अझ परिष्कृत सृजनाहरू पढ्न पाइयोस् भन्ने शुभेच्छासाथ स्रष्टा मनुको सुस्वास्थ्य, दीर्घजीवन, प्रगति र सुकीर्तिको कामना गर्दछु ।

**दीन पन्थी**
सह-प्राध्यापक
रेसुङ्गा बहुमुखी क्याम्पस
तम्घास, गुल्मी

# विशेष शुभकामना !

उदीयमान गजलकार मनबहादुर खत्री 'मनु'ले पहिलो कृतिको रूपमा गजल चालिसा प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । नेपाली साहित्यको श्रीवृद्धिका लागि गुल्मेली साहित्यकारहरूको ठूलो योगदान रहेको छ । गुल्मी जिल्लाबाट प्रकाशित कृतिहरूको सूचीमा मन बहादुर खत्री 'मनु'को समेत नाम थपिन आएको छ ।

गजल चालिसाभित्रका गजलहरूमा नजर लगाउँदा गजलकारले समकालीन सामाजिक जीवन, आध्यात्मिकता, शृङ्गारिकता, सद्भावपूर्ण समर्पण एवं प्राकृतिक सौन्दर्यलाई गजलको मूल विषयवस्तुको रूपमा छनोट गरी गजल चालिसा तयार पारेकाले यस गजल सङ्ग्रहले गजल पारखीहरूलाई आकर्षण गरी उनीहरूको तृष्णा मेटाउनुका साथै यो कृति उदाहरणीय रूपमा रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा गजल लेखन एवं कृति प्रकाशनको सराहना गर्दै सफलताको लागि हार्दिक बधाई तथा विशेष शुभकामना व्यक्त गर्दछु ।

१५ श्रावण, २०७७

**राजेन्द्रगोपाल सिंह**
संरक्षक
पाल्पा साहित्य समाज पाल्पा

# शुभकामना

अरबी राजाहरूलाई स्तुति गरी 'कसीदा' गाइन्थ्यो । 'कसीदा'को अगाडि आउने प्रेममय पंक्तिलाई 'तश्बीब' भनियो । अन्ततः'कसीदा'बाट 'तश्बीब'लाई अलग्याएर 'गजल' भनियो । सातौं शताब्दीका अरबी सायर 'इमरउल कैस जया ए जाहिलिया' पहिलो गजलकार हुन् । 'खलिल बिन अहमद'द्वारा लिखित 'इल्मे अराज' पहिलो प्रकाशित गजल कृति हो । तेह्रौं शताब्दीमा 'अमिर खुसरो' ले हिन्दी भाषा साहित्यमा गजलको प्रवेश गराए । बीसौं शताब्दीमा आएर वि.सं. १९४० तिर मोतीराम भट्टले नेपाली भाषा साहित्यमा गजललाई प्रवेश गराए ।

अहिले नेपाली भाषा साहित्यमा जतासुकै गजलका फसलहरू झाँगिदै गइरहेका छन् । यहीं क्रममा युवा गजलकार मनबहादुर खत्री 'मनु'ले गजल फसललाई मलजल गर्ने आकांक्षा स्वरूप गजल चालिसा प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । नेपाली गजल साहित्यको श्रीवृद्धिका लागि गुल्मेली साहित्यकारहरूको सूचीमा मनबहादुर खत्री 'मनु' कृतिगत रूपमैं थपिएका छन् । गजल जगत्को यात्रा शुभारम्भ गरेका खत्रीका गजलमा विशेषतः यथार्थ वस्तुस्थितिको प्रतिबिम्बन छ । प्रणय भाव, विद्रोही चेतना, विसङ्गतिको चिरफार, राष्ट्रियता, प्रकृतिप्रेमको सशक्तताले गजल चालिसालाई विशेष तुल्याएको छ । गेयात्मकताले गजलहरूलाई सरल, सरस, श्रुतिमधुर, बोधगम्य बनाएको छ भने गजल सिर्जनामा गजलकार सचेत देखिन्छन् । उनको सिर्जनागत सचेतताले पाठक तथा गजलकारहरूलाई समेत सचेत बनाएको अनुभूति हुन्छ यस गजल सङ्ग्रहका गजलहरूमा नजर घुमाउँदा ।

युवा गजलकार मनबहादुर खत्री 'मनु'लाई आगामी दिनमा नवीन शोध, खोज र सोंच सहितका बहरबद्ध र गैरबहरबद्ध गजलहरू प्रकाशनमा सफलता मिलोस् । सिर्जनाहरू सरलबाट विशिष्टि हुँदै जाऊन् । जीवन समृद्ध एवम् गजलमयी बनिरहोस् । हार्दिक बधाईका साथ शुभकामना !

१९ श्रावण, २०७७
(जनैपूर्णिमा)

**पुष्कर अथक रेग्मी**
अध्यक्ष पाल्पा साहित्य समाज
पाल्पा

# शुभकामना !

**वर्षाको बेला, चुहिने छाता, हुनुको के अर्थ ?**
**दुःखको बेला, तुहिने नाता, हुनुको के अर्थ ?**

**×××**

**रहेछ चाँबी,अर्कैको हात, जिन्दगी प्यारो छ**
**अस्ताउँदा पनि, दिन र रात, जिन्दगी प्यारो छ**

**×××**

**हृदयाघातको, औषधिरूपी, बोलीले चोऱ्यो दिल**
**ढाकाको साडी, पाल्पाली उनको, चोलीले चोऱ्यो दिल**

**×××**

गजल चालिसामा समाविष्ट यी शेरहरूमा घोत्लिँदा यस गजल–सङ्ग्रहले सशक्त रूपमा जीवन यथार्थ बोलेको अनुभूति हुन्छ । जीवन त्यही हो जो बाँचिन्छ, भोगिन्छ र अनुभूत गरिन्छ भन्ने अभिव्यक्ति दिएको महसुस हुन्छ । जीवन र जगत्का आकस्मिक पाटा पक्षहरूसँगको अविराम जुधाइका क्रममा गरिएको विविध प्रकृतिको अनुभूति दर्पणका रूपमा यो गजल-सङ्ग्रह जन्मिएको पुष्टि हुन्छ । लाग्छ, गजलकार मनबहादुर खत्री 'मनु' गजलका सुन्दर भविष्य हुन् । समसामयिक जीवन, प्रणय, विडम्बना, विवशता, प्रकृति, अध्यात्म, स्थानीयता, सुख, दुःख, पीरमर्का, यथार्थ, व्यङ्ग्य, राष्ट्रियता र कुशल नेतृत्वको चाहनालाई सिर्जनाको मूल विषयवस्तु बनाई यो गजल-सङ्ग्रह प्रकाशनमा जुटेका गजलकार खत्रीको गजल लेखन कार्य आगामी दिनमा थप स्तरीय बनोस् हार्दिक शुभकामना ।

श्रावण १४, २०७७

**खत्री कमल**
सदस्य
पाल्पा साहित्य समाज
पाल्पा

# गजल चालिसामा नजर लगाउँदा

## १. गजलकार र गजल-सङ्ग्रहसँग जोडिएका केही कुरा

सहृदयी मित्र मनबहादुर खत्री 'मनु' को कृति 'गजल चालिसा' को गुरुकपी हात पर्दा गौरवान्वित छु । भन्नु धेरै छैन । लेख्नु धेरै छैन । भन्नु पर्ने सबै कुराहरू 'गजल चालिसा' ले नै भन्नेछ । लेख्नु पर्ने कुरा कृतिकारले लेखेकै छन् । कृतिकार मनुको सुकीर्ति फैलियोस् । पाठक अध्येताहरूको मन जित्न 'गजल चालिसा' सफल रहोस् । यसै लेखोटबाट भन्न चाहन्छु - कवि, गीतकार, गायक, गजलकार मनुको साहित्यिक यात्रा अविरल बग्दै जाओस् । शुभकामना ।

## २. काव्यिक जगत्मा गजल विधा

### (क) काव्य परम्परामा गजलको पृष्ठभूमि

साहित्यिक जगत्मा कविता / काव्य विधा सबैभन्दा पुरानो र जेठो विधा हो । साहित्यको थालनी कविता वा पद्यबाट भएको कुरामा विद्वान्हरूको मतैक्य छ । जहाँसम्म गजलको कुरा छ, कविता काव्य लेखनका अनेकौं शैली शिल्पहरूमध्ये आज गजलले आफ्नो छुट्टै स्वतन्त्र अस्तित्व स्थापित गरिसकेको अवस्था छ ।

नेपाली कविता परम्परामा माध्यमिक कालको प्रारम्भकर्ता, शृङ्गारिक धाराका प्रवर्तक मोतीराम भट्ट (वि.सं. १९२३-१९५३) नेपालीमा गजल विधाको श्रीगणेश गर्ने गणेश हुन् । मोतीमण्डली, समस्यापूर्ति लेखन जस्ता संगठन तथा गतिविधिको माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धिमा मोतीरामको अद्वितीय भूमिका छ ।

अरबी-फारसी भाषाको शब्द हो गजल । यसको शाब्दिक अर्थ प्रेमी-प्रेमिकाको प्रीतियुक्त कुराकानी, रतिरागात्मकता भन्ने हुन्छ । यसो भए तापनि गजलले देशभक्ति, ईश्वरभक्ति, सामाजिक-राजनैतिक सन्दर्भ, वैयक्तिक आर्तअनुभूतिलाई समेत समेटेको पाइन्छ । यसरी यसको उठान शृङ्गारिकताबाट भएको देखिन्छ । तर यसले शृङ्गारमा मात्रै आफूलाई सीमित राखेको छैन । जीवन र जगत्का शाश्वत सत्यलाई उजागर गरेको छ । विकृति र विसङ्गतिलाई उदाङ्गो पारेको छ । सत्य, न्याय,

अहिंसा, भाइचारा र विश्वबन्धुत्वको भावनालाई झङ्कृत गरेको छ । मानवतावादको पक्षमा वकालत गरेको छ । अन्तरमनका आवाजलाई मुखरित गरेको छ ।

## (ख) सैद्धान्तिक पक्ष

सामान्यतः दुई पाउको एक श्लोकमा आबद्ध गजलमा मिसरा-ए-उला र मिसरा-ए-सानी (पहिलो र दोस्रो पाउ) को संयोजन हुन्छ । जसमा पहिलो श्लोकलाई 'मतला' र अन्तिम श्लोकलाई 'मकता' भन्ने गरिन्छ । गजलमा यति नै श्लोक हुनुपर्छ भन्ने छैन । गजलकारको रुचिअनुसार ३ देखि ३१ संख्यासम्ममा पनि श्लोकहरूको आयोजना गर्न सकिन्छ । (ईश्वरकुमार श्रेष्ठ : पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली पृष्ठ ६२) । यद्यपि ५ देखि ७ श्लोकका गजल चलनचल्तीमा ज्यादा देख्न सकिन्छ । रदीफ र काफियाका सन्तुलित सम्मिश्रणमा सृजित गजलमा लयात्मकता, गेयात्मकता, भावगाम्भीर्य, प्रतीकात्मकता जस्ता विशिष्ट गुणहरू रहन्छन् ।

## (ग) गजलमा प्रयुक्त शब्द तथा शब्दावली र अर्थ

| गजलमा प्रयुक्त शब्द | साहित्यिक अर्थ |
|---|---|
| मिसरा | पाउ |
| शेर | श्लोक |
| मिसरा-ए-उला | पहिलो शेरको पहिलो पाउ |
| मिसरा-ए-सानी | दोस्रो पाउ |
| मतला | पहिलो श्लोक |
| मकता | अन्तिम श्लोक |
| तखल्लुस | (गजलकारको नाम /उपनाम) |
| रदीफ | (प्रत्येक श्लोकको दोस्रो पाउको काफियापछाडि बारम्बार दोहोरिएर आउने अन्तिम शब्द) |
| काफिया | (रदीफभन्दा ठीक अघिल्लो अर्थात् पूर्ववर्ती तुकान्त शब्द) |
| बहर | छन्द |

## ३. भाव विधानका दृष्टिले 'गजल चालिसा'

गजलकार युवा कवि मनबहादुर खत्री 'मनु' को 'गजल चालिसा' गजल-सङ्ग्रह भाव विधानका दृष्टिले सशक्त र अब्बल छ । यसमा प्रयुक्त भाषाशैली सहज र सरल छ । छल्दी र निस्ती जस्तै सुलुलु बगेका छन् शब्दलहरहरू । कतै कतै व्यङ्ग्यका ज्वारभाटाहरू पनि उर्लन्छन् अनि शान्त र स्थिर हुँदै आफ्नै लय र गतिमा फर्कन्छन् । ४० सङ्ख्याका गजलहरूको सुन्दर संयोजन भएको यस सङ्ग्रहमा अनेक थरीका पुष्प गुच्छाहरू आबद्ध गरिएका छन् । एउटा सुन्दर हारका रूपमा संयोजित यस गजल-सङ्ग्रहले विराट् संसारलाई प्रतिनिधित्व गरेको छ । गजलकारको व्यक्तिगत बाल्यकाल, परिवार, पारिवारिक-सामाजिक जनजीवन, धर्म-संस्कृति, राष्ट्र र राष्ट्रियतालाई अवलम्बन गर्दै युगीन जीवन र जगत्का वास्तविकताहरू प्रस्तुत गरिएका छन् ।

'गजल चालिसा' ले अवलम्बन गरेका मुख्य भावहरूलाई निम्नानुसार प्रस्तुत गर्ने जमर्को गरिएको छ :

### (क) शृङ्गारिक भावचिन्तन

'गजल चालिसा' गजलकारको प्रथम प्रकाशित कृतिका रूपमा प्रस्तुत भएको छ । यसो भए तापनि यसमा निकै परिपक्व विचार र भावनाहरू प्रकट भएका छन् । प्रारम्भिक चरणका सिकारु गजलहरू क्रमशः तिखारिदै र निखारिदै गएको अनुभूति हुन्छ । गजलको धर्म वा मर्म नै शृङ्गारिकता हो । शृङ्गारिकताबाट उठान गरिएका विषयवस्तुहरू शिष्ट र श्लील छन् । लेकबेसी गर्दा माया प्रीतिमा लहसिएका प्रेमी-प्रेमिकाहरूको संयोगान्त शृङ्गार रसको परिपाक यस सङ्ग्रहमा देखिन्छ । त्यसै गरी प्रेममा शङ्का, उपशङ्का, धोका र विश्वासघातका कुराहरू पनि उत्तिकै सशक्त रूपमा प्रस्तुत भएका छन् । आधुनिक विज्ञान र प्रविधिले भित्र्याएका गुण र दुर्गुणहरूको बारेमा पनि गजलकारको दृष्टिकोण प्रभावकारी रूपमा व्यक्त भएको छ । सस्तो र क्षणिक वासनात्मक प्रेमले ल्याएका नकारात्मक परिणामतर्फ सङ्केत गर्दै गजलकारले आत्मीय प्रेममा विश्वास गर्न आह्वान गरेको देखिन्छ ।

### (ख) यथार्थवादी भाव

यस गजल-सङ्ग्रहमा वर्तमान विश्वमा आतङ्क मच्चाइरहेको कोरोना कहर (COVID -19) र यसका नाममा भए गरेका बेथितिहरू जीवन्त रूपमा प्रस्तुत गरिएको छ । हुने खानेले नै राहत कुम्ल्याएको र हुँदा

खानेहरू जिल्ल पर्नु परेको, दुई चार पैसा कमाउने सपना बोकेर विदेशिएकाहरू उतै पिल्सिनु परेको, ऋणले चुर्लुम्म डुब्नु परेको तीतो सत्य प्रकट भएको छ । समाजमा अझै पनि छूत-अछूतको भावनाले जघन्य अपराध भए गरेका कारण गजलकार हतास र निराश देखिन्छन् ।

## (ग) नारीवादी चेतना

यस गजल-सङ्ग्रहले नारीवादी चिन्तनलाई मूलभूत रूपमा उठान गरेको छ । नारीलाई केवल खेलौना ठान्ने पुरुषवादी हैकमलाई चुनौती दिदै नारीमा हुने इमान्दारिता, सत्‌चरित्र, कर्मशीलता, सत्यनिष्ठा, आदि मानवीय गुणको खुलेर प्रशंसा गरिएको छ । नारी निःस्वार्थी छन् । इर्ष्या, कपट र द्वेषको भावनाबाट माथि उठेका छन् । संस्कार र सृष्टिका मूलभूत आधार नारी नै हुन् । जहाँ नारीको उच्च सम्मान र श्रद्धा गरिदैन त्यो घर, परिवार, समाज र राष्ट्रको कहिल्यै कल्याण हुँदैन भन्ने वैचारिक चिन्तन यस कृतिमा पाउन सकिन्छ ।

## (घ) व्यङ्ग्यवादी चेतना

आज विश्वमा मानवतावादी चिन्तन नासिदै र मासिदै गएको छ । सत्ता, शक्ति र स्वार्थको उन्मादमा मानवीय मूल्य रित्तिदै गएको छ । पद, पैसा र प्रतिष्ठाका लागि मान्छे मान्छेलाई मार्न र मर्न उद्यत छ । कानून माकुराको जालोमा परिणत भएको छ । सानालाई अल्झाउने अनि ठूलाको फन्दामा परे आफै अल्झिने र बल्झिने भएको छ ।

## (ङ) राष्ट्रवादी चिन्तन

आज राष्ट्र र राष्ट्रियता चौतर्फी रूपमा संकटको भमरीमा पर्दै गएको छ । देशको स्वतन्त्रता र स्वाधनीता धरापमा परेको छ । सीमा मिचिएका छन् । गरिब थिचिएका छन् । किसान मिचिएका छन् । कसैलाई कसैको पर्वाह छैन । नेपाल आमा धुरूधुरू रोइरहेकी छन् । आफ्नै सन्तान पराइसित मिलेर सौदाबाजी गरिरहेका छन् । नेतृत्व वर्ग सत्तासिनोको लागि लुछाचुडी गरिरहेको छ । यस्तो अकर्मण्य प्रवृत्तिले सुखी नेपाली समृद्ध नेपाल कसरी बन्ला र ? भन्ने किसिमको चिन्ता र चासो प्रकट भएको छ । यहीं चिन्ता र चासोका कारण गजलकारले नेपाल आमालाई सच्चा सपूत जन्माउन आह्वान समेत गरेका छन् ।

### (च) प्रकृतिप्रतिको अनुराग

यस गजल-सङ्ग्रहका अधिकांश गजलहरूले प्राकृतिक विषयवस्तुलाई प्रतिविम्बित गरेका छन् । प्रकृतिमा आउने आरोह अवरोहले मानवीय जीवनलाई प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पारेको कुरा यस गजल-सङ्ग्रहमा देख्न सकिन्छ । हिमाल, पहाड, तराईका खौँच, मैदान, भञ्ज्याङ, चराचुरूङ्गीहरूको चिरबिर, उषाका लाली आदि अनेकौं प्राकृतिक छटाहरूको मनोरम वर्णन यसमा देख्न सकिन्छ । यसका साथसाथै यस कृतिमा प्रकृतिको रौद्र र शान्त स्वरूपले मानवीय जीवनमा पारेका प्रभावलाई निकै गहन रूपमा प्रस्तुत गरिएको छ । जसलाई प्राकृतिक प्रकोप र प्राकृतिक सौन्दर्यको वर्णनले पुष्टि गरेका छन् ।

### (छ) आञ्चलिकता वा स्थानीयताको प्रभाव

यस गजल-सङ्ग्रहले आञ्चलिकतालाई टपक्क टिपेको छ । गजलकार गुल्मीवासी भएका नाताले यस क्षेत्रका धार्मिक, साँस्कृतिक, प्राकृतिक महत्त्वका क्षेत्र तथा विषयवस्तुलाई प्राथमिकताका साथ उठान गरेका छन् । छल्दी, पनाहा, निस्ती, बडिगाड जस्ता नदीनाला, प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्त्व बोकेका रुरु, रेसुङ्गा, टिमुरे लेक, सालिमे दह, अर्जुन लेक, कङ्के देउराली लगायतका क्षेत्रहरूले कथित स्वर्गलाई चुनौती दिएको आभाष गजलमार्फत पाउन सकिन्छ । परिवेशगत हिसाबले हेर्दा गजलकार आन्तरिक र बाह्य परिवेश दुबैमा चुर्लुम्म डुबेका छन् । बाह्य परिवेशका रूपमा ग्रामीण जनजीवन र त्यहाँको भाषा, कला, धर्म र संस्कृतिले फुल्ने, फल्ने र फक्रने अवसर पाएको देख्न सकिन्छ ।

### (ज) स्वच्छन्दतावादी प्रभाव

'गजल चालिसा' गजल-सङ्ग्रह स्वच्छन्दतावादी भावधाराको एक उत्कृष्ट उदाहरण हो । यस सङ्ग्रहमा गजलकारले कतै कल्पनाको उडान भरेका छन् । कतै जीवन र जगत्का तीता यथार्थलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । उकालीओराली, लेकबेसी, खोलानाला, वनजङ्गल, चराचुरुङ्गीहरूको साथमा आनन्दपूर्वक बिताएका बाल्यकालीन यादहरूको तरङ्गमा तरङ्गित हुँदै वर्तमान शुष्क र उजाड वातावरणमा जीवन गुजार्न सकेको आत्मगौरव गजलकारमा देख्न सकिन्छ । वर्तमानमा भन्दा अतीतमा मोह, शहरिया सभ्यता भन्दा ग्रामीणताप्रतिको आकर्षण, मानवतावादी चिन्तन, राष्ट्रप्रेम, प्रकृतिप्रेम, व्यङ्ग्य चेतना आदि

स्वच्छन्दतावादी धाराका अधिकांश मान्यताहरू यस गजल-सङ्ग्रहले अवलम्बन गरेको छ ।

**(झ) अध्यात्मवादी दार्शनिक चिन्तन :**

'गजल चालिसा' गजल-सङ्ग्रहलाई गहिरिएर अध्ययन गर्ने हो भने यसले गहन अध्यात्मवादी चिन्तन प्रस्तुत गरेको देख्न सकिन्छ ।

**पैसा त होला, कुटुरो ठूलो, पारेर राखेको**
**नमिल्ने सही, बैंकको खाता हुनुको के अर्थ (के अर्थ?)**

दुःख पर्दा साथ नदिने पैसाको कुटुरोको कुनै अर्थ छैन । अप्ठ्यारो पर्दा ईश्वरलाई नपुकारी मान्छेलाई सुख छैन । दैवले नै बज्रपात गर्दछ । दैवले नै शान्ति र शीतलता दिन्छ । विधिको विधानलाई न कसैले टाल्न सक्छ । न कसैले फाल्न सक्छ । सर्वोच्च शक्ति नै ईश्वर हो । ईश्वरभक्तिले नै जीवन सार्थक हुन्छ भन्ने कुरामा गजलकार निश्चिन्त देखिन्छन् ।

**परे नि कष्ट, संकट अति, धर्मको आखिर**
**विधिको नीति, फोडेर जान, सहज हुँदैन (सहज हुँदैन)**

अन्त्यमा,

पुनः गजलकार मनबहादुर खत्री 'मनु' को साहित्यिक यात्रा अझ सशक्त ढङ्गले अगाडि बढ्न सकोस् । पाठकहरूले यस्तैयस्तै सुन्दर कृतिहरू अध्ययन गर्ने अवसर प्राप्त गर्न सकौं । नेपाली साहित्यको फाँटमा साहित्यकार मनुका सिर्जनाहरूले सुगन्धको सुवास छर्न सकून् । शुभकामनाका लाखौंलाख पुष्पोपहार प्रकट गर्दछु ।

**श्रावण ६, २०७७**

**पन्थी रामप्रसाद**
रेसङ्गा न.पा.-२, छापटोला, गुल्मी

# आफ्नै कुरा

गजल प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी शैली हो । यो अरबी साहित्यको काव्य विधा हो । गजल लेखनमा नेपाली शैलीका लयहरू पनि निकै प्रचलनमा रहेका छन् । गजल कम्तीमा ३ शेरदेखि बढी शेरसम्म पनि लेख्न सकिन्छ । तर यसको सुन्दरताको दृष्टिले ५ शेरसम्म लेखिएका गजलहरू राम्रा मानिन्छन् ।

गजल भनेको प्रेमसम्बन्धी कविताको एक प्रकार भए तापनि यो जीवन र जगत्बाट प्राप्त अनुभव र अनुभूतिलाई कोमल, हार्दिक र कलात्मक रूपमा प्रस्तुत गर्ने एक विशेष काव्यिक विधा हो । यसमा सीमित श्लोक, उही अनुप्रासको आवृत्ति तथा पश्चिमी पद्यभन्दा पृथकता अपनाइएको हुन्छ । यसको शेरमा गीत र कवितामा जस्तो कपोलकल्पना नगरी सत्य अभिव्यक्ति मात्र प्रस्तुत गरिन्छ । यो रदिफ, काफिया र बहरको क्रम हो । झट्ट हेर्दा गीत र कविता जस्तै देखिए तापनि गजल यी विधाभन्दा पृथक् छ । यसको आफ्नै परिधि वा संरचना हुन्छ ।

हुन त म अंग्रेजी विषयको विद्यार्थी र शिक्षक हुँ । नेपाली साहित्यमा रुचि राख्दछु । तर त्यति गहिरो र लामो अनुभव भने छैन । तैपनि विद्यार्थी जीवनमा जानी नजानी गीत, कविता र सायरीहरू लेख्ने र गाउने गर्थें । पछिल्लो समयमा केही मुक्तक र हाइकुहरू पनि लेखें । तर सूत्रात्मक ढंगबाट जान भने सकिरहेको अवस्था थिएन । प्रयास मात्र थियो ।

एक दुई वर्ष पहिले रेडियो कार्यक्रम 'बुलबुल'मा निशान ढकालको आवाजमा 'गुराँस जस्तै दलेर लाली ...' गजल पहिलो पटक सुनेको थिएँ । यसले मेरो ध्यान आकृष्ट गऱ्यो । छक्क परें । त्यस पछि म गजलहरू खोजेर पढ्न र सुन्न थालैँ । परेवा पत्रिका, पाल्पाद्वारा प्रकाशित 'स्रष्टा सिर्जना : पाल्पा (२०७५)' पढें । यस संग्रहले ममा गहिरो छाप मात्र पारेन कि गजलप्रतिको काउकुती जगायो र मोतीराम भट्टका गजलहरू खोजेर पढ्न थालें ।

गजल विधाबाट म अँस्तिभन्दा हिजो र हिजोभन्दा आज प्रभावित हुँदै गएँ । भित्री मनबाटै गजल लेख्ने इच्छा जाग्यो । लेखेँ पनि । तर गजल भए नभएको पत्तो पाइन मैले । सार्वजनिक गर्न पनि सहज लागेन । सुरूमा विद्यार्थीहरू माझ नै मेरा गजलहरू पस्किएँ । अधिकांश विद्यार्थीहरूबाट सकारात्मक प्रतिक्रिया पाएपछि थप गजलहरू लेख्दै गएँ । कहिलेकाहीँ स्कुल स्टाफहरू समक्ष पनि प्रस्तुत गर्न थालें । यहीं क्रममा मेरो विद्यालय श्री हिमालय मा.वि. इस्मा-१, हस्तिचौर, गुल्मीबाट SEE दिने भाइबहिनीहरूको बिदाई समारोह-२०७६ मा गजल वाचन गरेपछि हौसला थपियो । विस्तारै म साहित्यिक व्यक्तित्वहरूसँग भेटघाट गर्न र मेरा गजलहरू प्रस्तुत गर्न थालें । यससम्बन्धी खोज र अध्ययन गर्न लागें । सुरूका एक दुईवटा गजलहरू हेरेपछि गुल्मेली साहित्यकार प्राध्यापक दीन पन्थी गुरुबाट गजलको संरचना, प्रकार र लेखनका सिद्धान्तहरूको बारेमा साक्षात्कार हुने मौका मिल्यो । यसबाट लेखनमा ऊर्जामात्र थपिएन कि गजलयात्रा नै सुरू भयो । दैनिक लेख्न थालें । यसैगरी उपप्राध्यापकद्वय भुवन अर्याल र लक्ष्मण रिजालसँग पनि गजलसम्बन्धी भलाकुसारी गर्न थालें । रचित गजलहरू प्रस्तुत गरी मिले नमिलेको सोधनी गरेँ । उहाँहरूसँगको बसाइबाट लेखनमा थप टेवा पुग्यो ।

पाठकहरूमाझ गजलहरू पस्किन मन लाग्यो । सुरूवाती चरणमा सामाजिक सञ्जालमार्फत् आफ्ना गजलहरू सार्वजनिक गर्न थालें । सामाजिक सञ्जाल प्रयोग कर्ताहरूले पनि औधी मन पराइदिनुभयो । त्यसपछि पाल्पाबाट प्रकाशन हुने नवजनचेतना राष्ट्रिय दैनिकमा मेरा गजलहरू प्रकाशन हुन थाले । पाठकहरूले मन पराइदिनुभयो । संग्रह प्रकाशन गर्न सुझावसमेत प्राप्त हुन थाले । सामाजिक सञ्जालको माध्ययमबाट साहित्यकार पुष्कर अथक रेग्मीसँग सम्पर्क र भलाकुसारी भयो । उहाँले पनि गजल राम्रा भएको र संग्रह प्रकाशन गर्दा छुट्टै पहिचान हुने र साहित्यको साथमा आफ्नो पनि उचाइ बढ्ने सुझाउनुभयो । साहित्यकार दीन गुरुले गजल राम्रै भएको टिप्पणी गर्दै "जीवनमा कृति आवश्यक छ, समयमै कृति प्रकाशन गर्नु राम्रो हो" भन्दै गजल-संग्रह प्रकाशनमा प्रेरणा दिनुभयो । आदरणीय दाजु कमल खत्रीसँग गजल प्रकाशनसम्बन्धी सल्लाह मागें । उहाँले खुशी हुँदै थप

प्रेरणा प्रदान गर्नुभयो । शुभेच्छुक व्यक्तित्व एवं पाठकहरूले पनि प्रकाशित गजल संग्रह नै पढ्न पाइयोस् भन्ने इच्छा जाहेर गर्नुभयो । उहाँहरूको सुझाव र सल्लाह नकार्न सकिनँ । अनि म प्रथम गजल संग्रह प्रकाशनको साइत जुराउन थालें ।

यस संग्रहमा सङ्गृहीत अधिकांश गजलहरू COVID-19 का कारण देशमा भएको लकडाउनको समयमा होम क्वारन्टिनमा बस्दै गर्दा रचना गरिएका हुन् । माया, यथार्थता, समयसान्दर्भिकता, आदि विषयवस्तु तथा पक्षहरूलाई उठान गर्ने प्रयास गर्दै पूर्ण काफियाको प्रयोग गरी नेपाली बहर तथा शैलीका छन्दमा गजल लेखी पाठकहरू समक्ष ल्याउने प्रयास गरेको छु । यहाँहरूबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा राख्दछु ।

प्रस्तुत 'गजल चालिसा' गजल-संग्रह प्रकाशन गर्ने क्रममा सर्वप्रथम म मेरा जन्मदाता, कुशल अभिभावक समादरणीय पिता गोविन्दभक्त पौड्याल (प्रभु) र ममतामयी माता प्रेमकुमारी खत्रीज्यूप्रति नतमस्तक छु । यस संग्रहको विशेष सम्पादनमा अहम् भूमिका खेल्नु हुने गुल्मेली साहित्यकार प्राध्यापक गुरु दीन पन्थीप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु । गजल-संग्रह प्रकाशन गर्न लाग्दै गर्दा सफलताको शुभकामनासहित प्रकाशनको चाँजोपाँजो मिलाइदिनु हुने किरण पुस्तकालय तम्घास, गुल्मीका उपाध्यक्ष गुल्मेली साहित्यकार गुरु शशि पन्थीप्रति हार्दिक आभार प्रकट गर्दछु । शुभकामना दिनु हुने पाल्पा साहित्य समाज, पाल्पाका संरक्षक साहित्यकार राजेन्द्र गोपाल सिंह र अध्यक्ष साहित्यकार पुष्कर अथक रेग्मीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । कृति प्रकाशनको क्रममा उपयुक्त सल्लाह एवं शुभकामना प्रदान गर्नु हुने पाल्पा साहित्य समाज, पाल्पाका सदस्य साहित्यकार आदरणीय दाजु कमल खत्रीप्रति धन्यवाद ज्ञापन गर्दछु । कृतिप्रक्षेपण गर्नु हुने समीक्षक एवम् साहित्यकार अग्रज दाजु रामप्रसाद पन्थीप्रति आभारका शब्दहरू टक्र्याउन चाहन्छु । आफ्नो अमूल्य पत्रिकामा मेरा रचनाहरूको लागि स्थान उपलब्ध गराइदिनु हुने नवजनचेतना राष्ट्रिय दैनिकका सह-सम्पादक भाइ रामचन्द्र रायमाझीलगायत नवजनचेतना परिवार, पाल्पालाई धन्यवाद ज्ञापन गर्दछु । गजल लेखन तथा प्रकाशन कार्यमा प्रेरित गर्नु हुने गुरुद्वय दधिराम पन्थी र मिनबहादुर

कुँवर, रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मीका क्याम्पस प्रमुख हरिबहादुर खत्री, सहायक क्याम्पस प्रमुखद्वय गोविन्द गौतम र रामप्रसाद खनाल, सहपाठी मित्रहरू टीकाराम खड्का, अशोक रायमाझी, कृष्ण चन्द, सहकर्मी मित्रहरू भुवन श्रेष्ठ, रोहित ढकाल, तपेन्द्र देउवा, अनिता कुँवर, डालिमा कुँवर, ईभा भण्डारी, भाइ गंगा, वसन्तलगायत सम्पूर्ण शुभेच्छुक तथा शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु । प्रकाशकीय अभिभारा बहन गर्ने किरण पुस्तकालय तम्घास, गुल्मी र मुद्रण कार्यमा सहयोग पुर्‍याउने सुशिला प्रिन्टर्स तम्घास गुल्मीप्रति हार्दिक आभार प्रकट गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । गजल लेखन तथा प्रकाशनको वातावरण मिलाई सहयोग गरेकोमा जीवनसंगिनी सीता खड्का खत्री, छोराहरू समर्पण र संरक्षणलाई धन्यवाद दिन चाहन्छु । कम्प्युटर सेटिङ्ग तथा लेआउट डिजाइन गर्ने सुशीला प्रिन्टर्स, तम्घास गुल्मीका डिजाइनर ईश्वर वि.क.लाई धन्यवाद । गजलहरू मन पराई सामाजिक सञ्जालमार्फत लाइक, कमेन्ट र शेयर गरिदिनु हुने महानुभाव एवं पाठकहरू तथा सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरूप्रति खुशी प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । नेपाली साहित्यमा गजल विधाको प्रवेश गराउने मोतीराम भट्टप्रति श्रद्धापुष्प स्वरूप 'गजल चालिसा' समर्पण गर्दछु ।

धन्यवाद !

भाद्र ३, २०७७
१५५ औं मोतीजयन्ती

**गजलकार**

# कुटुरो फुकाउँदा


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | माया लाएर | १ |
| २ | याद आएर तिम्रो | २ |
| ३. | प्रिय | ३ |
| ४ | नबोल प्रिय | ४ |
| ५. | भेट भयो संघारमा | ५ |
| ६. | राहत | ६ |
| ७. | जिन्दगी प्यारो छ | ७ |
| ८. | कोरोना | ८ |
| ९. | विदेश पसें म | ९ |
| १०. | नारी | १० |
| ११. | आँखामा तिम्रो तस्वीर भरी | ११ |
| १२. | ठूला आत्मा मार्छन् यहाँ | १२ |
| १३. | धौ लाग्यो | १३ |
| १४. | सुन्तली | १४ |
| १५. | खै के दिन्छ जीवन ? | १५ |
| १६. | काइदाको अतीत (एक) | १६ |
| १७. | काइदाको अतीत (दुई) | १७ |
| १८. | व्यापार | १८ |
| १९. | हे आमा | १९ |
| २०. | आगो | २० |
| २१. | चोऱ्यो दिल | २१ |
| २२. | मैनडाँडाको पीपल | २२ |
| २३. | स्वर्गकी परी | २३ |

| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| २४. | लुकीलुकी | २४ |
| २५. | माया | २५ |
| २६. | नेपाल आमा जन्माऊ सपूत | २६ |
| २७. | इच्छा | २७ |
| २८. | तिमीसँगको पल | २८ |
| २९. | सहज हुँदैन | २९ |
| ३०. | कसरी बिर्सनु ! | ३० |
| ३१ | के अर्थ ? | ३१ |
| ३२. | सपना | ३२ |
| ३३. | कहाँ छ ? | ३३ |
| ३४. | आमाको पुकार | ३४ |
| ३५. | स्वर्गसम्म लानी भयौ | ३५ |
| ३६. | धने | ३६ |
| ३७. | सर्दै गयौ | ३७ |
| ३८. | मोवाइल फोन | ३८ |
| ३९. | जवानीको भाउ छैन | ३९ |
| ४०. | सिम्-सिम् पानी | ४० |


ooo

# १ माया लाएर

गर्छु फोन लुकीलुकी माया लाएर
कुर्छु सिट्ठी फुकीफुकी माया लाएर

बस्ती लेकको, बेंसी फाँट भेटै भएन
मरिन्छ कि सुकीसुकी माया लाएर

धेरै सहें गर्जन ठूला मेघ–वर्षात भैं
बस्नु कति भुकीभुकी माया लाएर

मैलिन्छ कि नाम कतै नधोइने हो कि फेरि
रम्नु कति चुकीचुकी माया लाएर

अनायासै बास्ना फैलाई दुर्गन्धको दुनियाँले
हिड्ने हुन् कि थुकीथुकी माया लाएर

ooo

# २ याद आएर तिम्रो

याद आएर तिम्रो तस्वीर छानेर हेरें
आँखा मानेन फेरि पर्दा तानेर हेरें

आयो भरिदै माया मनभरि झन्झन्
सुन्न कोकिल बोली फोन हानेर हेरें

तिमी व्यस्त थियौ वा व्यस्त देखियौ
फेसबुकको भित्ता गाह्रो मानेर हेरें

दुनियाँ भेटियो तिमी हरायौ किन
थाहा छैन अनलाइन कति जानेर हेरें

विक्षिप्त मन यो समाली कठिनले
चुरापोते र सिन्दूर मुठीमा बानेर हेरें

ooo

# ३ प्रिय

सोह्र वर्षे जस्तै लाग्छ केश फुल्यो सेतै प्रिय
हिंजै उडे जस्तो लाग्छ जुग बित्यो यतै प्रिय

गर्नु थियो केही देशमै प्रदेसिएँ खुसी किन्न
भोक, निद्रा, प्यास छैन तिमी रह्यौ त्यतै प्रिय

न उमेरमा कमाइ भयो न बैंसमा रमाइ भयो
साहूको ऋण तिरिदिनू बेची गैरी खेतै प्रिय

बाबाआमा पर्खे होलान् बाटो हेरी टुलुटुलु
सन्तानको माया कति पाएँ आज चेतै प्रिय

स्याहार गर्नु छोराछोरी वृद्ध बाबाआमाको नि
फर्की हाल्छु घरदेश जीवन होला जेतै प्रिय

ooo

# ४ नबोल प्रिय

नबोल प्रिय, झर्केर रिस्सी, फाट्दछ मन यो
वचन रुखो, बनेर छुरी, काट्दछ मन यो

छोडेर आएँ, बा–आमा घर, भरोसा तिमी हौ
बनेर दुष्ट, आत्मा यो आफ्नै, झाँट्दछ मन यो

न छन् है दाजु, न छन् है भाइ, न दिदी आफन्त
प्रवासी भएँ, आँसुको भेलले, छाँट्दछ मन यो

हेरेर तिम्रो, सन्तानको मुख, बाँचेको छु मैले
पत्तो नै छैन, के भयो कुन्नि, ढाँट्दछ मन यो

बाँचौला साटी, सुख र दुःख, कसम यही हो
तिमी नै अबुझ, भएमा कस्ले, साट्दछ मन यो

ooo

# ५ भेट भयो संघारमा

बाहिर तिमी, म भित्र सानु, भेट भयो संघारमा
न तिम्ले रोक्यौ, न मैले नानु, भेट भयो संघारमा

डुबेर यादमा, सम्झेर धेरै, पर्खिने बनायौ
नबोली गयौ, कसरी तानु ? भेट भयो संघारमा

भेटेर कुरा, गरौंला धेरै, भनेर आएको
गरेर पिछा, खै कता जानु ? भेट भयो संघारमा

बोल्न त केही, अवश्य पर्थ्यो, तिम्ले नि भेट हुँदा
कसरी एक्लै, कसम खानु ? भेट भयो संघारमा

काखीमा च्यापी, ल्याएको मैले, कोसेली गुलाफ
कसरी फिर्ता, बोकेर लानु ? भेट भयो संघारमा

ooo

# ६ राहत

कोरोना कहर, राहत बाँड्ने, नाम मात्र भो आमा
खिचेर फोटा, फेसबुकमा राख्ने, काम मात्र भो आमा

अभाव भो त, दाना र पानी, इज्जतको धनी छौं
गरिबको दुःख, धनीलाई यहाँ, राम मात्र भो आमा

घरमा छन्, के कति जना ? गणना गर्दैनन्
राहत चिठी, विनाको यहाँ, खाम मात्र भो आमा

झुपडीवाला, मजदुर, किसान, सूचीमा परेनन्
निर्लज्ज सित्री, लाएरै आए, जाम मात्र भो आमा

कन्दमूल खाम्ला, मरेरै जाम्ला, राहत थाप्दिनँ
विपत्ति पर्दा, दुष्टले देख्ने, दाम मात्र भो आमा

ooo

# ७ जिन्दगी प्यारो छ

रहेछ चाँवी, अर्कैको हात, जिन्दगी प्यारो छ
अस्ताउँदा पनि, दिन र रात, जिन्दगी प्यारो छ

मै ठूलो भन्नु, घमन्ड गर्नु, बेकार हो साथी
राख्दैन किमत, मान्छेको मात, जिन्दगी प्यारो छ

मानेको राम्रो, संस्कार हाम्रो, चलेको चलन
बन्दैन नीति, हानेर लात, जिन्दगी प्यारो छ

बुढा र पाका, भन्दथे ज्यादा, धर्तीले धान्दैन
दैवले पार्‍यो, वज्र र पात, जिन्दगी प्यारो छ

औषधि छैन, के रोग आयो ? जैविक हो कि यो
बन्दा नि काल, कोरोना जात, जिन्दगी प्यारो छ

ooo

# ८ कोरोना

डामाडोल पार्‍यो, गरेर हान्ति, कोरोना भाइरसले
खोसेर लग्यो, विश्वको कान्ति, कोरोना भाइरसले

बनाउने लक्ष्य समृद्ध नेपाल, समृद्ध नेपाली
एकाएक डुब्यो, आर्थिक क्रान्ति, कोरोना भाइरसले

हुँदो हो यहाँ, उमङ्ग कति, मनाउँदा नयाँदिन
न आउने हो कि, वैशाख शान्ति, कोरोना भाइरसले

लाग्दछ मनमा, चिन्ता र पिर, डाइनोसर भैन्छ कि
गरेर बिन्ती, खै किन मान्ती ? कोरोना भाइरसले

गर्दैमा बित्ने, भो जुनी हाम्रो, संघर्ष बाँच्नलाई
खाद्यान्न आदि, हर्दियो शान्ति, कोरोना भाइरसले

ooo

# ९ विदेश पसें म

सपना बोकी, कमाउने धन, विदेश पसें म
बाबा र आमा, हसाउन मन, विदेश पसें म

श्रीमती अनि, छोरा र छोरी, आश्रित मैमा हो
भर्नलाई पेट, छोप्नलाई तन, विदेश पसें म

खरिया पनि, थिएन खन्न, ऋणले डुबायो
विकल्प अरू, नखोजीकन, विदेश पसें म

देखेको थिएँ, छिमेकी दाजु, धनाढ्य भएको
हँसिला उनै, हेरेर जन, विदेश पसें म

कसरी फर्कूं, स्वदेश अब, कोरोना फैलियो
स्वर्गीय शान्ति, भेटौंला भन, विदेश पसें म

ooo

## १०

# नारी

साथमा तिमी छौ र पो जीवन चलेछ ढुक्कले
घरमा तिमी छौ र पो चुलो जलेछ ढुक्कले

उदार तिम्रो हृदय सत्य नारी छौ कर्मशील
दुनियाँ सारा दुष्टको शिर ढलेछ ढुक्कले

कर्मठ बनी उदायौ सीता भृकुटी दुर्गा झैं
शालीन देखी दुश्मनको तागत गलेछ ढुक्कले

धान्नलाई गऱ्यौ संस्कृति सृष्टि महान संकल्प
संस्कार दियौ चौतर्फी ज्ञान फलेछ ढुक्कले

धन्य छौ नारी ज्ञानी छौ त्यागी निःस्वार्थी निर्जल
धर्तीमा तिम्रै आस्थाको द्वीप बलेछ ढुक्कले

ooo

११

# आँखामा तिम्रो तस्वीर भरी

आँखामा तिम्रो तस्वीर भरी जिन्दगी थाम्दै छु
सम्झेर एक स्वर्गकी परी जिन्दगी थाम्दै छु

फूल त धेरै फुल्दछन् बहुरङ्गका बगैंचा
खुसुक्क बस्ती तिम्रोमा सरी जिन्दगी थाम्दै छु

धेरै छन् बाटा गोरेटा यहाँ मार्ग त तिमी हौ
छल्दी र निस्ती, बडिगाढ तरी जिन्दगी थाम्दै छु

आकृति तिम्रो लाग्दछ प्यारो ज्यान यो भन्दा नि
अस्तित्व मेरो सुम्पिने गरी जिन्दगी थाम्दै छु

नदिनू बास यात्रीले माग्ला बुनेर जाल त्यो
मुटुमा तिम्रो यो 'मन' चरी जिन्दगी थाम्दै छु ।

ooo

१२

# ठूला आत्मा मार्छन् यहाँ

ठूला आत्मा मार्छन् यहाँ
मानवता पर सार्छन् यहाँ

मेरो देश भन्न लाज भो
कुराले नै टार्छन् यहाँ

रोदन छुन्न धनीलाई
गरिब सधै हार्छन् यहाँ

जे गरे नि छुट्छन् टाठा
सोझालाई त जार्छन् यहाँ

लिपु रोइ रहेछ आज
तर को आँसु झार्छन् यहाँ ?

०००

# १३ धौ लाग्यो

हात धुन धौ लाग्यो
पानी छुन धौ लाग्यो

घेर्दै छ यो कोरोना
घरै हुन धौ लाग्यो

बुद्धि कैले फिर्ने हो
बात सुन धौ लाग्यो

सधै छर्छ उज्यालो
हेर्न जुन धौ लाग्यो

ज्ञान पनि तितो भो
मुख थुन धौ लाग्यो

ooo

# १४ सुन्तली

यता आउन सुन्तली
पाखा धाउन सुन्तली

छमछम म नाच्छु
गीत गाउन सुन्तली

घाम, पानी तरेन
मैमा छाउन सुन्तली

जान्न यसै जिन्दगी
माया लाउन सुन्तली

रानी तिमी मनकी
कुरो खाउन सुन्तली

०००

## १५ खै के दिन्छ जीवन ?

कन्या दान हरायो
वधू लान हरायो

ओ हो ! वर, जन्ती नि
घर जान हरायो

जाति–पाति कुण्ठामा
प्रेम–मान हरायो

नव–इच्छा फूलको
छुट्टै शान हरायो

खै के दिन्छ जीवन ?
हक खान हरायो

ooo

# १६ काइदाको अतीत (एक)

लेखन-पढ्न, हात र खुट्टा, दाएको सम्झिएँ
हारेर गुच्छा, पीडाको गीत, गाएको सम्झिएँ

उजुङ्को बाटो, उकालो ठाडो, रिंगटा चल्दथ्यो
तिर्खामा लाग्दा, पसिना आफ्नै, खाएको सम्झिएँ

भुस्खात फेरि, जङ्गल घना, बाटो त सोझै हो
टिप्दा है तिजु, फेंदमा बाघ, आएको सम्झिएँ

भोंटेले टोक्थे, जुकाले चुस्थे, झरी र बादल
सर्पोले बाटो, छेकेर मुख, बाएको सम्झिएँ

बगर ठूला, निस्तीको फाँट, जुधाइ गोरुको
हेरेर घर, स्कुलमा लट्ठी, पाएको सम्झिएँ

मज्जाको थियो, विद्यार्थी काल, फर्किन्न अब त्यो
चौतारी टिपी, खुर्सानी नुन, लाएको सम्झिएँ

ऐंसेलु, सिम्ठा, थाकल अनि, अमला वनका
टिपेर खाँदै, हर्पुकोट स्कुल, धाएको सम्झिएँ

ooo

## १७ काइदाको अतीत (दुई)

फाटेको टोपी, टालेको जाँगे, लगाको सम्झिएँ
पढेर स्कुल, घरको काम, सगाको सम्झिएँ

पैतला खाली, सिरू र काँडा, बिजेर दोसिन्थे
बाँदर हान्दा, निस्तीले सुत्त, बगाको सम्झिएँ

त्यो एक्लेखेत, खोल्टेको बारी, जङ्गलबीचमा
आरू र खन्यु, बटुल्न थैली, मगाको सम्झिएँ

जोतेर सक्थे, जमिन सारा, छिमेकी पर्ममा
असारे हिलो, खोकमा गोरु, भगाको सम्झिएँ

हिलोले खुट्टा, खाएर ज्वरो, फुट्दा नि फुर्ती भै
लगाई पानी, रातिमा धान, जगाको सम्झिएँ

बित्यास लाग्दो, बुढेस काल, ज्यान भो शिथिल
घाँस र मकै, चोर्लाई काल्ना, नगाको सम्झिएँ

आँखामा नाच्छ, अतीत मन, फर्कन सक्दैन
भन्ज्याङ पारि, दिनमै डाँकु, भगाको सम्झिएँ

ooo

१८

# व्यापार

बन्द भयो व्यापार
घाटा गयो व्यापार

चुलो निभ्यो अन्ततः
किस्ता रयो व्यापार

गरूँ के नै म अब
बिर्सूं न यो व्यापार

थाम्ने मेरो जीन्दगी
त्यान्द्रो छ यो व्यापार

रोजूँ खै के विकल्प
छोडी म यो व्यापार

ooo

१९

# हे आमा !

आशा मरो हे आमा
दैव चरो हे आमा

सँगै घुम्ने साथी त्यो
स्वर्ग झरो हे आमा

पारि बन्द कोरोना
वारी तरो हे आमा

ठूलो-सानो भनेन
हानि गरो हे आमा

रित्तिन्छ कि धर्ती यो
दशा परो हे आमा

०००

# २० आगो

यताको आगो, निभेको अन्तै, सल्केर होला कि !
अग्नि त्यो रेखा, काटेको उता, पल्केर होला कि !

फिलिङ्गो यता, पर्न त पर्छ, तातो न छारोको
दुन्केको त्यता, सल्लामा खोटो, टल्केर होला कि !

सुनेको थिएँ, ओसिलो पाखा, छुँदैन आगोले
पारिलो छोडी, गएको धार, ढल्केर होला कि !

कोशिस धेरै, गरेको आफ्नै, जग्गामा भुलाउन
फुस्केर भाग्ने, घुस्यान त्यता, झल्केर होला कि !

इज्जत के हो ? प्रतिज्ञा के हो ? बेवास्ता गरेर
नाघेर सीमा, हिडेको बैंस, थल्केर होला कि !

ooo

## २१ चोरयो दिल

हृदयाघातको औषधिरूपी बोलीले चोर्‍यो दिल
ढाकाको साडी पाल्पाली उनको चोलीले चोर्‍यो दिल

चाँदनीरूप गोर्खाली हुप नेपाली मन छ
छातीमा छड्के बोकेको उनको झोलीले चोर्‍यो दिल

हिमाल झैं अटल पवित्र नारी सीताको चरित्र
सिटामलरूपी वचन उनको गोलीले चोर्‍यो दिल

वसन्त ऋतु चरीको चिरबिर हरिया पालुवा
उषाको लाली मुस्कान उनको खोलीले चोर्‍यो दिल

हिमाली काख तराई फाँट पहाडी मैदान
भ्रमण गर्ने शान्तिदूत उनको टोलीले चोर्‍यो दिल

ooo

## २२ मैनडाँडाको पिपल

हरियो सधै भरिलो सधै हेरौं–हेरौं लाग्छ
छाँयामा बसी स्वच्छ त्यो हावा फेरौं–फेरौं लाग्छ

लगायो कस्ले हुर्कायो कस्ले अज्ञात छ अझै
यो सानो चित्र संसार सामु केरौं–केरौं लाग्छ

झुम्मको रुख चरीको गुँड अद्‌भुत छौ तिमी
फेंदमा बसी रोकेर यात्रा ठेरौं–ठेरौं लाग्छ

पिएर धून सुसेली तिम्रो पुस्तौली चलाए
सोचेन कोही रक्षार्थ तिम्रो, घेरौं–घेरौं लाग्छ

चुनावी नारा योजना बने चौपारी चिनौंला
सपना बाँडी जित्ने र हार्ने खेरौं–खेरौं लाग्छ

दियो त साथ आँपले मात्र दिएन मान्छेले
अस्तित्व लुच्छ निर्लज्ज पापी सेरौं–सेरौं लाग्छ

बनेर साथी हुर्किएँ त्यहीं खेलेर काखमा
गामकी शोभा विष्णुकी रूप बेरौं–बेरौं लाग्छ

ooo

# २३ स्वर्गकी परी

स्वर्गकी परी, धर्तीमा झरी, समाई उसैले
बसमा पारी, दिलमा अड्डा, जमाई उसैले

रेसुङ्गा कैले, अर्जुन, थाप्ले, पुग्दथ्यौं मदाने
प्रेमको यात्रा, त्यो माने ताल, रमाई उसैले

मुसुक्क हाँसी, छातीमा राखी,  मायाले बोलाई
नाचेर सँगै, जितेर मन, कमाई उसैले

टिमुरे लेक, सालिमे दह, रुरु त्यो क्षेत्रमा
भ्रमण गरी, जीवन्त शान्ति, ठमाई उसैले

देउराली कङ्केः, ईश्वर सत्य, साक्षीमा राखेर
अस्तित्व आफ्नो, हातमा मेरो, थमाई उसैले

ooo

२४

# लुकीलुकी

किन किन तिमीलाई हेर्छु लुकीलुकी
देखेपछि बल्ल सास फेर्छु लुकीलुकी

छैन जीवन मेरो यदि तिमी तर्की गए
आउन बस मुटुमा यो बेर्छु लुकीलुकी

जुनीजुनी सुख दुःख साटी बसौंला नि
ठेर्न परे युगौ युग ठेर्छु लुकीलुकी

दियौ भने खाली सिउँदो भर्न तयार छु
जिन्दगीको रूपरेखा केर्छु लुकीलुकी

दिन्न केही दुःख तक्लीफ सही मार्ग लिन्छु
देवी ! तिम्रो मन्दिर सदा घेर्छु लुकीलुकी

ooo

२५

# माया

कता गयो माया ?
कस्तो भयो माया ?

देख भेट छुट्यो
के ले लयो माया ?

सम्भी मुटु जल्छ
गाह्रो छ यो माया

चाहन्छौ र तिमी ?
बिर्सूँ म यो माया

खोला सुके पनि
चिसो रयो माया

०००

२६

# नेपाल आमा जन्माऊ सपूत

नेपाल आमा, यो देश हाँक्ने, जन्माऊ सपूत
उडेर छुन, आकाश ताक्ने, जन्माऊ सपूत

बनेर गुणी, असल ज्ञानी, रक्षक देशको
जनको दु:ख, ढपक्क ढाक्ने, जन्माऊ सपूत

अमर, भक्ति, बल र जङ्ग, पृथ्वी झैं मनको
दुष्कर्मी सारा, जेलमा जाक्ने, जन्माऊ सपूत

गरेर फिर्ता, गुमेको जग्गा, स्वाभिमान राख्ने त्यो
भीम झैं लडी, कैले नथाक्ने, जन्माऊ सपूत

देशको भक्त, नेपाली रक्त, अग्रणी विश्वको
शान्ति र कान्ति, बन्धुत्व डाक्ने, जन्माऊ सपूत

०००

२७

# इच्छा

मुटुमा बास, दिएमा निस्ती, तरेर आउँला
घडेरी दिए, गाउँमा बस्ती, सरेर आउँला

तयार भए, साथमा दिन, रातको निदरी
अँधेरी रात, बत्तीको जोहो, गरेर आउँला

स्वीकार गरे, प्रस्ताव सानु, पवित्र मायाको
मन्दिर मेरो, मूर्तिले तिम्रो, भरेर आउँला

काटौंला जुनी, रमेर सँगै, इच्छा त यही हो
स्वागत गरे, खेतका आली, झरेर आउँला

निर्णय तिम्रो, कुरेको छु म, गर्दिनँ बल त
विश्वास गरे, मनको भर, परेर आउँला

ooo

# २८ तिमीसँगको पल

तिमीसँगको पल भुल्न सकिनँ मैले
मार्सी आलीमा झुल्दा झुल्न सकिनँ मैले

देख्छु वसन्त तिम्रै रंग भरेको हुन्छ
कोइली रेसुङ्गा डुल्दा डुल्न सकिनँ मैले

नयाँ वर्ष त आयो के दिऊँ शुभकामना ?
लाली गुराँस फुल्दा फुल्न सकिनँ मैले

रित्तो भकारी मन भर्ने कसरी कैले ?
कृषक बाली त्यो हुल्दा हुल्न सकिनँ मैले

कुहिरोभित्रको काग जस्तै जीवन भो
पानी परेर खुल्दा खुल्न सकिनँ मैले

ooo

# २९ सहज हुँदैन

बसेको ठाउँ, छोडेर जान, सहज हुँदैन
जोडेको नाता, तोडेर जान, सहज हुँदैन

परे नि कष्ट, संकट अति, धर्मको आखिर
विधिको नीति, फोडेर जान, सहज हुँदैन

टिपेर फूल, चढाए पनि, मन्दिर मूर्तिमा
फूलको जरा, गोडेर जान, सहज हुँदैन

शीतल तापी, पिपलु वर, समीको फेंदमा
बिर्सेर छाँया, छोडेर जान, सहज हुँदैन

दिएको अर्ती, लिएको बुद्धि, अधिक भएनि
जिन्दगी–बाटो, मोडेर जान, सहज हुँदैन

०००

३० 

# कसरी बिर्सनु !

असार मास, दैवको काम, कसरी बिर्सनु !
मृतक अनि, घाइतेको लाम, कसरी बिर्सनु !

भनेन बच्चा, वयस्क, वृद्ध, निष्ठुरी दैवले
पुछेर लग्यो, मल्दीको गाम, कसरी बिर्सनु !

अध्यााँरो रात, चट्याङ उस्तै, बौलाहा वर्षात
रहेनन् सिजन, अपेक्षा नाम, कसरी बिर्सनु !

फुटेर पैरो, घरको माथि, गुट्टु आयो है
हेरेको हेरै, भैदियो राम !, कसरी बिर्सनु !

बगायो गोठ, चौपाया पुरो, सयौंको बास् उठ्यो
बिजोग भयो, मेटियो ठाम, कसरी बिर्सनु !

ooo

# ३१ के अर्थ ?

वर्षाको बेला, चुहिने छाता, हुनुको के अर्थ ?
दुःखको बेला, तुहिने नाता, हुनुको के अर्थ ?

पैसा त होला, कुटुरो ठूलो, पारेर राखेको
नमिल्ने सही, बैंकको खाता, हुनुको के अर्थ ?

छोरा र छोरी, बुहारी राख्ने, फरक कित्तामा
सन्तान एक, नठान्ने माता, हुनुको के अर्थ ?

संकट पर्दा, प्रकोप पर्दा, राहत बटुली
दिए झैं गर्ने, कन्जुस दाता, हुनुको के अर्थ ?

पाकेको अति, लछप्प फली, भीरको काफल
मिल्दैन खान, टिपेर राता, हुनुको के अर्थ ?

ooo

# ३२ सपना

मनमा केही, सपना थिए, टुटेर गए ती
दुःखमा केही, आफन्त थिए, छुटेर गए ती

दराज भरी, राखेका काँच, सिंगार सामान
आयो कि कुन्नि, भूकम्प धक्का, फुटेर गए ती

सुरक्षा गर्ला, भनेर भर्ती, गरेको रक्षक
मिलेर पापी, अस्मिता मेरै, लुटेर गए ती

न्यायको लागि, पुगिनँ कहाँ, समाज गुहारें
बचाई दुष्ट, खाएर कलो, चुटेर गए ती

प्रकृति देव, भनेर हात, जोडेर बस्दै छु
बाढी र पैरो, बनेर बास, भुटेर गए ती

०००

३३

# कहाँ छ ?

फुटेर साथी, समस्या हल, भएको कहाँ छ ?
ढिक्कामा जस्तो, टुक्रामा बल, भएको कहाँ छ ?

थोपामा थोपा, थपिए मात्र, बन्दछ सागर
छुटेर झिल्को, शान्तिको पल, भएको कहाँ छ ?

प्रकृति पनि, स्वीकार्य छैन, दुनियाँ सामुमा
नुगेको बोट, जराको तल, भएको कहाँ छ ?

फरक छैन, देख्दा त पानी, स्वरूप उही हो
ढलको पानी, पवित्र जल, भएको कहाँ छ ?

सिंचिए मात्र, बढ्ला नि खेती, उर्वरा भूमिमा
सुकेर बोट, लछप्प फल, भएको कहाँ छ ?

ooo

३४

# आमाको पुकार

नलड छोरा, आपसमा तिमी, फुटेर नबस
सन्तानको माया, आमाको खुशी, लुटेर नबस

बाढी र पैरो, डढेलो हुरी, प्रकोप हटाऊ
कोरोना अनि, सलह जस्तै, जुटेर नबस

मलम पट्टी, औषधि पानी, बनन दु:खीको
लेकाली जुका, खरी झैं सधै, टुटेर नबस

भोलि नि तिमी, रोप्नु छ बाली, किसान बनेर
जोगाऊ बीज, संग्रह गरी, भुटेर नबस

विश्वास गर, भरमा पर, विवाद नगर
मिलेर जाऊ, एकले अर्को, चुटेर नबस

ooo

# ३५ स्वर्गसम्म लानी भयौ

प्यास मेट्ने पानी भयौ
यो दिलको रानी भयौ

पूर्णिमाको जून तिमी
यी आँखाको नानी भयौ

लाग्छ यात्रा सँगै गरौं
जिन्दगीको मानी भयौ

धेरै हिंडे एक्लै–एक्लै
साथ दिने सानी भयौ

ढुक्क छ यो मन अब
स्वर्गसम्म लानी भयौ

०००

३६

# धने

सधै कथा भयो धने
डुली कता गयो धने

कता गयो कता झऱ्यो
व्यथा बनी रयो धने

युगौं बिते कुरी-कुरी
फिऱ्यो कैले न यो धने

कठै दशा परो बरै
कता कता छ यो धने

जिए छ कि मरेछ खै
भुलूँ कसै म यो धने

०००

## ३७ सर्दैं गयौ

किन होला आजभोलि पर सर्दै गयौ
स्वर्ग जस्तै संसारको खुसी हर्दै गयौ

किन फाट्यो केले काट्यो मन तिम्रो आज
शिशिरको घाम जस्तै ओझेल पर्दै गयौ

के अनिष्ट हुने त्यस्तो संकेत पायौ तिमी
डल्फिन झैं समुद्रको छाल तर्दै गयौ

नदिने नै हौ र तिमी अब छाँया माया
तेलविनाको दियो  सरी सुस्त मर्दै गयौ

कि कसैले चोऱ्यो झ्याप्प कोमल तिम्रो दिल
'मन'को शान्त संसारमा मिसाइल छर्दै गयौ

ooo

# ३८ मोबाइल फोन

गुनासो हुन्थ्यो, स्कूलमा सधै, नानीले फोन हेऱ्यो
नपढ्छ टेरी, नलेख्छ फेरि, सानीले फोन हेऱ्यो ।

मेला र पात, मलाई कत्ति, फुर्सद हुँदैन
छलेर आँखा, पढे झैं गर्ने, बानीले फोन हेऱ्यो ।

कसरी टुट्ला, फोन हेर्ने बानी, यी बच्चा-बच्चीको ?
बर्बाद भयो, भोलिको राजा, रानीले फोन हेऱ्यो ।

शिक्षक रिस्सी, किटेर दाह्रा, झपार्थे भकुर्थे
भनेर किन, पढन स्कूल, जानीले फोन हेऱ्यो ?

लकडाउनमा बन्यो, साधन यो नै, वैकल्पिक सिकाइको
दिन्छन् र भन्छन्, हाँसेर खिस्स, ज्ञानीले फोन हेऱ्यो ।

ooo

# ३९ जवानीको भाउ छैन

धेरै खोजेँ बजारमा जवानीको भाउ छैन
रोप्थें फूल पिरतीको बगैंचामा ठाउँ छैन

भुलेर नि नसोध है घर बास कहाँ होला
छ त मेरो ज्यान मात्र अरू कुनै नाउ छैन

हारी-हारी बाँचेको छु तिम्रो जितको संसारमा
इच्छा जति गरे पनि जित्ने कुनै दाउ छैन

नचाहेको कहाँ हो र मनको कुरा लेख्न पनि
हातमा कलम मात्र भयो कागजको ताउ छैन

खै कसरी जन्म्यो माया हुर्क्यो अनि बढ्यो कुन्नि ?
यता खोजेँ उता खोजेँ यसको आमा बाउ छैन

०००

## ४० सिम्-सिम् पानी

सिम्-सिम् पानी परेको याद आयो
खेत रोप्न झरेको याद आयो

हिलो छेप्दै वालीको तालमा
नाच्दै छेउ सरेको याद आयो

पौडी खेली रमाउँदै निस्तीमा
हात छोपी तरेको याद आयो

कोदो रोप्दै बारीमा जोतेर
टेपमा गीत भरेको याद आयो

तीजको राम ताल्तुङ्ग डाँडैमा
हल्का रङ्ग गरेको याद आयो

०००

# लेखक परिचय




नाम : मनबहादुर खत्री 'मनु'

ठेगाना : इस्मा गाउँपालिका-२, मैनडाँडा, गुल्मी

जन्मस्थान : मुसिकोट न.पा.-२, बतासे, गुल्मी

हाल : रेसुङ्गा न.पा.-२, तम्घास, गुल्मी

पिता : गोविन्दभक्त पौड्याल (प्रभु)

माता : प्रेमकुमारी खत्री

जन्म : वि.सं. २०३९/०३/३१

शिक्षा : एम्. एड्. (अङ्ग्रेजी)

पेशा : शिक्षण, प्राध्यापन

रुचि : साहित्य तथा संगीत

संलग्नता : आजीवन सदस्य - नेपाल रेडक्रस सोसाइटी
आजीवन सदस्य - सिद्धबाबा माध्यमिक विद्यालय, तम्घास, गुल्मी
संस्थापक कोषाध्यक्ष - राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, गुल्मी

कार्यरत : १. हिमालय माध्यमिक विद्यालय, इस्मा-१, हस्तिचौर, गुल्मी
२. रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी

प्रकाशन : पत्र-पत्रिकामा फुटकर कविता, गीत, गजल

सम्पर्क : ९८४७१८४६१०

E-mail : samarpan65@gmail.com


प्रस्तुत चालीसवटा गजलहरूको संग्रह ज्यादै सूक्ष्म छ, त्यही सूक्ष्मताभित्र सौन्दर्य छ, माधुर्य छ, आनन्द छ। गजल त्यसै पनि रसमय, संगीतमय र लयमय हुन्छ। थोरैमा धेरै आनन्द दिन्छ गजलले। मनुका गजलहरूमा प्रणयभाव पनि छ। देशभक्तिको भाव पनि छ। गजलमा व्यङ्ग्यचेत देखिन्छ जसमा हल्का मजाकमै तीव्र प्रहार गरेको बुझिन्छ। म प्रतिभाशाली मनुको साहित्यसृजनाको जाँगर बढिरहोस्, अब आउने समयमा अझ परिष्कृत सृजनाहरू पढ्न पाइयोस् भन्ने शुभेच्छासाथ स्रष्टा मनुको सुस्वास्थ्य, दीर्घजीवन, प्रगति र सुकीर्तिको कामना गर्दछु।

दीन पन्थी
समीक्षक तथा निबन्धकार


ISBN
9 789937 076074

सुशिला प्रिण्टर्स, गुल्मी (५२०४५०)